# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पैयूं गाउँपालिका
## पर्वत

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पैयूं गाउँपालिका

## पर्वत

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पैयूं गाउँपालिका

## पर्वत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

प.सं. २०८०।८१

च.नं. ४३

मिति : २०८१।२।१३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

पैयू गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पर्वत।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ८१ लाख ३६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ६४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.३ लाख ४० हजार ,नियमित गर्नुपर्ने रु. ५५ लाख ७७ हजार, प्रमाण पेश गर्नुपर्ने रु.२१ लाख ५५ हजार समेत गरी यस वर्ष रु. ८० लाख ७२ हजार बेरुजू कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ७ करोड ०१ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ८२ लाख ४१ हजार रहेको छ ।पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

नायब महालेखापरीक्षक

पैयूँ गाउँपालिका,

पर्वत जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | ९० | ८१३६ | ० | १५ | ६४ | ५७ | ७५ | ८०७२ | ३४० | ५५७७ | २१५५ | ० | ० | ७७३२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्वत | ७०१६९ | ० | ० | ० | ० | ८०७२ | ७८२४१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | १८.१ | कार्यसम्पादन मूल्याङ्कन बैठक भत्ता असुल भएको । | २५५०० |
| २ | | १८.२ | कार्यसम्पादन मूल्याङ्कन बैठक भत्ता असुल भएको । | ३८२५० |
| | **चालु वर्षको जम्मा** | | | ६३७५० |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | - | - | ६३७५० |

## २ परिचय

**(क) कार्यालय परिचय :**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा 7 वडा रहेको छ भने क्षेत्रफल ४२.५ वर्ग किलोमिटर तथा १२,७२५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।२४ देखि २०८०।६।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(छ) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८०५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विविध | २०५० |
| २ | विविध | ६००० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

## २ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले २०७९।०८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

•राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको

• सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।

• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८१२९७५६६।६६, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१५०१४३०२।००, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु १२९८६५८९।००, गरिवसँग विशेश्वर कार्यक्रमको रु ६१००००।०० समेत गरी रु १०९९०८४५४।६६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ फरक हिसाब — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) तथा पालिकाले पेश गरैको एकीकृत आर्थिक विवरण भिडाउदाँ गत वर्षको जिम्मेवारी तथा यस वर्षको प्राप्ति भुक्तानीमा निम्न रकम फरक परेकाले न्तिम मोज्दातमा समेत फरक परेकाले फरक परेको कारण यकिन गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५५२३०६४७ | ३९५९९६७०५ | ४२८६०८५३३.६ | २२६१८८१८.८८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५५१३८४१५.४८ | ३९६२२१७४५.३ | ४२८७४१३४१.९ | २२६१८८१८.८८ |
| फरक | ९२२३१.६ | २२५०४०.३ | १३२८०८.३ | - |

३.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८३,७७१ |

**(विस्तृत विवरण बेरूजु दफा ३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ५४५२७३०१।८४ राजस्व बाँडफाँड र अनुदानबाट रु.३७४१३९७८३।३२ समेत रु.४२८६६७०८५.१६ आम्दानी भएकोमा चालु तर्फ रु.२६,१६,९४,६३२।१७ र पूँजिगत तर्फ रु.१६,३२,९४,७११।७१ समेत रु.४२,४९,८९,३४३।८६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८९,९९,८८३।०० खर्च भएको छ जुन आन्तरिक आयको २४८.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.५८ प्रतिशत चालु र ३८.४२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२२४०२३४ | १९४५२३६३. | ८७.४६ |
| २ | पूर्वाधार विकास | १४७५८५००० | १२४११९३६२.३५ | ८४.१ |
| ३ | सामाजिक विकास | २२२७९६३६७ | २०९९७३७१८.५३ | ९४.२४ |
| ४ | बातावरण तथा विकास | २०००००० | १९८०४१४. | ९९.०२ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १९०७४००० | ११८१८१८९. | ६५.४८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६३५१७९७० | ५७६४५२९६.९८ | ९०.७५ |
| जम्मा | | ४७७२१३५७१ | ४२४९८९३४३.८६ | ८९.०५ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये वातावरण तथा विकासमा सबैभन्दा बढी ९९.०२ प्रतिशत र संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ६५.४८ प्रतिशत रहेको छ ।

६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६३२९४७११ | ९२१४६०२ | ६४०९३७३८ | ८९९८६३७१ | - | ४७४२३४२९ |
| प्रतिशत | १०० | ५.६४ | ३९.२६ | ५५.१ | - | २९.०४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १६३२९४७११।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ९२१४६०२ (5.64 प्रतिशत), दोस्रो त्रैमासिकमा रु६४०९३७३८ ।००(३९.२६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ८९९८६३७१ (५५.१०प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४७४२३४२९।००(२९.०४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ७ बजेट अवण्डा

बजेट अवण्डा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष मागमा आधारित कार्यालयस्तरमा रु ८० लाख र वडा नं २ र ३ मा विपद व्यवस्थापन तथा भैपरी मा रु ८ लाख १५ हजार र वडा नं ४ मा विविधमा रु ७ लाख समेत गरी रु ९५ लाख १५ हजार अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा पुरै रकम खर्च गरि दोस्रो सभाबाट समेत पुनः रु १५ लाख ९८ हजार दोस्रो पटक अवण्डा बजेटमा थप गरी रु १ करोड ११ लाख १३ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## ८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १० योजना प्राथमिकीकरण

योजना प्राथमिकीकरण स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार 7 वडाको लागि वडागत र पालिकास्तरका कुल ३२६ योजनामा बजेट विनियोजन गरेको छ।

| .क. सं | कार्यक्रमको नाम | योजना सङ्ख्या | .रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | ४० | १५ | १६ | ९ |
| २. | वडा स्तरीय | २८६ | ० | १० | २७६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३२६ योजना कार्यान्वयन भएका छन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १२ बजेट तथा कार्यक्रम तर्जुमा

बजेट तथा कार्यक्रम तर्जुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.४२ करोड ९७ लाख ६४ हजार ५ सयको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १४ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

## १५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४६ कर्मचारीको रु.२,१९,५९,९९९। र पालिकाका ५१ कर्मचारीको रु.१,७१,१०,१०२।खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १६ सामाजिक परीक्षण

पैयू ७ हिले क्षेत्रीडाँडा ड्रिलिङ्ग खानेपानी आयोजना पछि सामाजिक परीक्षण गर्दा गोभै ९ मिति २०८०।३।२४ बाट वि आर एल सप्लायर्सलाई कर कट्टा गरी रु २४५३०४ भुक्तानी दिएको छ ।आन्तरिक राजस्व विभागले जारी गरेको स्थायी लेखा नम्वर कार्ड मा विभिन्न ठेक्कापट्टा कारोवार, विविध वस्तुको सप्लाई गर्ने उल्लेख भएकोमा सामाजिक परीक्षण जस्तो बौद्धिक

कार्य गर्न अनुसन्धनात्मक क्षमता र अनभव भएको जनशक्ति आवश्यक पर्ने भएको हुँदा अनुभवी जनशक्तिबाट सामाजिक परीक्षण गराउनुपर्दछ ।

## १७ बजेटमै समावेश गरी सहकारीलाई सहयोग

नाफामूलक उद्देश्यले संचालन गरेको सहकारीलाई पालिकाको बजेट खर्च गर्नु उपयुक्त होइन । निम्नानुसारका सहकारीलाई सभाले नै संस्था छनौटको आधार बेगर संस्था तोकी अनुदान दिएको नियमित नदेखिएको रु.

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ४०२।०७९।११।२३ | हिमालय महिला वचत तथा ऋण सहकारी संस्था लि. | ४४९०० |
| ५४९।०८०।१।२५ | जनजागृति आमा समूह | ३०००० |
| | संवेदनशील महिला समूह | ३०००० |
| | | १०४९०० |

| | |
|---|---|
| अनियमित भएको | १,०४,९०० |

## १८ कार्यसम्पादन मूल्यांकन बैठक भत्ता

गाउँपालिका कार्यरत कर्मचारीहरुको आ.व. २०७८।०७९ को कार्यसम्पादन मूल्याँकन फाराम मूल्याङ्कन गर्नको लागि विभिन्न मितिमा बसेको बैठक भत्ता भुक्तानी गरेको छ । यस सम्बन्धी थप व्यहोराहरु निम्न छन-

१८.१

✂ ....(प्रारम्भिक बेरुजु उपर मिति २०८०।१२।३० गतेको कार्यसम्पादन मूल्याङ्कन बैठक भत्ता बापत रु २५५०० भुक्तानी भएकोमा दाखिला भएकाले सम्परीक्षण मनासिव देखि फस्यौट गरिएको ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१८.२

✂ ....(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।१२।३० गतेको निर्णयले कार्यसम्पादन मूल्याङ्गकन बैठक भत्ता भुक्तानी भएकोमा असुल भई आएकाले सम्परीक्षण मनासिव देखि फस्यौट गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## १९ जिन्सी दाखिला

७७।०७९।९।२० बाट आकस्मिक मनसुनजन्य विपद राहत वापत ६ थान त्रिपाल खरिद गरी रोयल स्टोर्सलाई भुक्तानी गरेकोमा सो त्रिपाल जिन्सी दाखिला तथा वितरणको प्रमाण नराखेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००० |

## २० फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## २१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 76 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित 51 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सवइन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

## २२ दरबन्दी बाहिरको करार सेवा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ तर पालिकाले विभिन्न पदमा २ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु. ७८९६४८/- खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकामा ल्याब असिस्टेन्ट दिनेश ढकाल र ल्याब असिस्टेन्ट अमृता तिवारी समेत २ जना दरवन्दी वाहेकका कर्मचारी राखि तलव भत्तामा रु. ७८९६४८ खर्च गरेको छ । पालिकाले कार्यालयको सेवा, प्रवाह सञ्चालनलाई छिटो छरितो र प्रविधि मैत्री वनाउनका लागि प्राविधिक पदहरुमा करारमा जनशक्ति लिनुपर्ने वाध्यात्मक अवस्था भएका कारण कर्मचारी भर्ना गरिएको जनाएको छ । सो कार्यका लागि पालिकाले संगठन ब्यवस्थापन सर्वेक्षण गरि आवश्यक पद सिर्जना गरि कर्मचारीहरु ब्यवस्थापन गर्नुपर्दछ ।

| पद | नियुक्ति संख्या | तलव भत्ता (मासिक) रु. |
|---|---|---|

| | | |
|---|---|---|
| 1 | अमृता तिवारी | ३२९०२ |
| 2 | देनेश ढकाल | ३२९०२ |
| | | ६५८०४ |

२३ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्याको विवरण अनुसूची-५ मा रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. पालिकाका प्राविधिक कर्मचारीहरु कार्यालय सहयोगी समेत १८ जनालाई यो वर्ष रु. ९,८०,८५१/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

२५ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६३२९४७११।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका शाखामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छन

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | | | |
| वोलेरो जीप 1+स्कोर्पियो जीप 1+पिकप जीप 1 | | ३ | | |
| मोटर साइकल | | १६ | | |
| स्कुटर | | २ | | |
| व्याकहोलोडर | | १ | | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | | | |
| मोवाइल डिजिटल X-Ray | | १ | १४४८२ | स्वास्थ्य मन्त्रालयबाट प्राप्त |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | |
| स्कोर्पिओ जीप | १९७५/०९/०२ | १ | ५९८९ | |

उपरोक्त अनुसार मुल्य नखुलेका समानहरुको मूल्य खुलाई राख्नुपर्ने देखिन्छ ।

## २७ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा PAMS मा अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

## २८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा

यस पालिकाले हालसम्म १९ वटा ऐन, ३ वटा नियमावली, ३५ कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## २९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 1 र यो वर्ष थप भएको 2 गरी कुल 3 विवाद दर्ता भएकोमा 2 वटा मात्र फस्यौंट भई 1 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३० धरौटी फिर्ता

सार्वनजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम ४ मा सार्वजनिक निर्माण कार्यको विल वा रनिङ विलको भुक्तानी दिँदा पाँच प्रतिशत रिटेन्सन मनि कट्टा गरी भुक्तानी दिने व्यवस्था छ ।साथै नियम १२४ मा अन्तिम भुक्तानी दिँदा निर्माण कार्यको हकमा DLP सकिएपछि रिटेन्सन मनीको पचास प्रतिशत फिर्ता दिने र बाँकी पचास प्रतिशत आन्तरिक राजस्व कार्यालयबाट कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरी भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले निम्न निर्माण कम्पनीलाई धरौटी फिर्ता गर्दा कर समायोजन पत्र बेगर भुक्तानी गरेकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु

| सिन | निर्माण कम्पनीको नाम | कर समायोजन पत्र अनुसार विक्री मुल्य | भुक्तानी रकम रु |
|---|---|---|---|
| ३ | काष्टमाण्डप कन्स्ट्रक्सन प्रालि | विवरण पेश नगरी | १०६४९१६ |
| ४ | एजस्भि एग्रो इन्टरनेशनल प्रालि | पेश नगरेको | ४०००० |
| ५ | एजस्भि एग्रो इन्टरनेशनल प्रालि | पेश नगरेको | ६८५०० |
| | | | ११७३४१६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७३,४१६ |

## ३१ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२०,७६,०००। आर्थिक सहायता वितरण

गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३६२०११७। को ५७.३४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## ३२ पदाधिकारीलाई पोशाक

४५०।०७९।१२।१६ बाट उमेश टेलरिङ सेन्टर पर्वतलाई पोशाक सिलाईवापत रु. ३०५२५२/- र शर्मिला नेपालीलाई रु.७०३२८/- भुक्तानी दिएको छ । गण्डकी प्रदेशले स्थानीय निकायका पदाधिकारीहरुले पाउने सुविधालाई व्यवस्थित गर्न गाउँसभा, नगरसभा, र जि.स.स. सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को दफा १६ ले ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने उल्लेख गरेको छ। विभिन्न ३८ जना पदाधिकारीहरुलाई रु. ३७५५८०/- पोशाकवापत खर्च गरेको देखिन्छ । ऐनले नतोकेको सुविधावापतको रकम दिन मिल्ने नदेखिएको रु. ) ३७५५८०/-

| | |
|---|---|
| अनियमित भएको | ३,७५,५८० |

## ३३ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३(४) मा संघीय सशर्त अनुदान प्राप्त बजेटको आधारमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसंग भिडाई तोकिएको न्यूनतम मापदण्द र गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ ३०४ मिति २०८०।०३।२३ बाट ६०२ छात्रालाई पुग्ने अनुमान गरी विभिन्न ३ वाणिज्य बैंक मार्फत रु ५६३४७२।०० भुक्तानी गरेको छ । स्थानीय तहले आफैले खरिद गरि विद्यालयलाई भरपाईको आधारमा वितरण गर्नुपर्नेमा सो पालना नगरी विद्यालयलाई खरिद गर्न खातामा रकम निकासा गर्दा खरिदमा मितव्ययिता नहुने तथा गुणस्तर र उचित भण्डारणको आश्वस्तता नहुने भएकाले यस्तो खरिद अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ५,६३,४७२ |

## ३४ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## ३५ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत वर्ष सि एम नेशनल विवेक एण्ड कुवेर जेभी लाई विगतको रु.१४२५०००० .पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

## ३६ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ४५योजना सञ्चालन गरी यस वर्ष ५९ जनालाई औसत ८३ दिनले ४४४३ दिन रोजगारी उपलव्ध गराई रु. २६९६३६० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ३७ लागत साझेदारी

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ मा नयाँ उद्यमी सृजना गर्न प्रविधि हस्तान्तरण गर्दा न्यूनतम २० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ ।पालिकाले लघु उद्यम सृजना गर्ने उद्देश्यले मिति २०७९।११।०५ देखि २०७९।११।११ सम्म १५ दिने झोला बनाउने प्राविधिक सीप विकास तालिम संचालन गर्दा तालिम सामग्री रु १४००००।०० खरिद गरेको तथा सो तालिम समाप्ति भएपश्चात उक्त सामग्री बाट बनेका बस्तुको कार्यालयमा जिन्सी दाखिला गरेको विवरण पेश नभएको साथै तालिम प्रशिक्षार्थिलाई लागत साझेदारीमा वितरण गरेको भए सोको भरपाई समेत पेश नभएकाले भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४०,००० |

## ३८ प्राविधिक सीप विकास तालिम

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिको,२०७७ को दफा ४ मा लक्षित वर्ग छनौट गर्दा कम्तिमा ७० प्रतिशत महिला हुनुपर्ने उल्लेख गरेको छ । पालिकाले गोभै १६३ मिति २०८०।१।२१ बाट लघु उद्यम सहजकर्ता सोनी श्रेष्ठलाई सीप विकास तालिम संचालन गरेबापत रु २२२७५० भुक्तानी गरेको छ । कार्यविधिको व्यवस्था अनुसार तालिममा महिलाको सहभागिता हुनुपर्नेमा सो विपरित १३ सहभागी पल्मभिङ्ग तालिममा शुन्य महिला रहेको तालिम समपन्न प्रतिवेदनमा प्रस्तुत गरेको छ ।पालिकाले लक्षित वर्गको पहिचान गरी मेडपा कार्यविधि अनुसार तालिम कार्यक्रम संचलन गरिनुपर्दछ ।

## ३९ प्रविधि हस्तान्तरण

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम मेडमा को दफा ४० मा प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक योजना अनुसार लक्षित वर्गलाई विचार गरी शाखाले लघु द्यमीलाई प्रविधि हस्तान्तरण गर्न व्यवस्था गरेको छ ।पालिकाले लघु उद्यम कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण गर्दा विगतमा सीप विकास तालिम प्राप्त गरेको, लघु उद्यम संचालन गरिरहेको जस्ता पक्षलाई विचार गरी प्रोफाइल तयार गरी लघु उद्यम सहजकर्ताको सिफारिसको

आधारमा लक्षित वर्गलाई प्रविधि हस्तान्तरण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन। कार्यविधिको व्यवस्था पालना गर्नु तर्फ ध्यान दिनुपर्दछ

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार संचालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ ।

कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको अवस्था छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, गोरेटो वाटो, खेलकुद मैदान तथा प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष कूल ४५ आयोजनामा करिब १७ जनालाई १२७१ दिन रोजगारी उपलव्ध गराई रु. २११५१७५ खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि ५५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन।

४१ **फोटोकपी बिल**

१२।०७९।११।१६ बाट उद्योग वाणिज्य संघले कुश्मामा आयोजना गरेको भलिवल प्रतियोगितामा खेलाडीको खाना, खाजा तथा होटलवासको खर्च वापत बसन्त आलेलाई रु. १२४०२३ भुक्तानी गरेको छ । सो वापत भुक्तानी दिँदा न्यू धवलागिरी रेष्टुरेण्टलाई रु. ४०६४५/- र पर्वत स्पोर्टस एण्ड प्रिण्टिङ हाउसलाई रु. ५११००/- भुक्तानी दिएकोमा सक्कल बिल पेश गर्नुपर्नेमा फोटोकपी बिल संलग्न गरी भुक्तानी दिएकोले सक्कल प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,७४५ |

४२ **विल भरपाई वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गोभै ४।२०८०।७।१५ बाट मार्दिखोला यूवा क्लव लाई फूटवल खेल संचालन गर्ने रु १०००००।०० भुक्तानी दिएकोमा खोलको विवरण तथा खेल भएको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४३ **इन्टरनेट महशुल**

पालिकाले गो.भौ. ३०२।२०८०।३।२३ बाट अन्नपूर्ण महिला तथा बचत सहकारी संस्थालाई महिला सहकारीहरुका लागि सूचना प्रविधि तथा क्षमता विकास कार्यक्रम अन्तर्गत रु १३७८२ भुक्तानी गरेको छ ।सहकारी संस्थालाई संघीय सशर्त अनुदन वितरण गरेको अनियमित रकम रु

| | |
|---|---|
| अनियमित भएको | १३,६८२ |

४४ **अनुत्पादक तथा वितरणमुखी खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका कुनै व्यक्ति तथा समुदाय विशेषका लागि अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा खर्च गरेको देखिन्छ, यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यससम्बन्धी केही उदाहरणहरु अनुसूची-६ मा उल्लेख गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **शुभकामना सन्देश**

गाँऊपालिकाले विभिन्न सूचना संचार गृह, पत्रपत्रिका छपाईमा आफूले सम्प्रेषित गरेको विषय वस्तु छपाईको आधारमा सम्झौता बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नाउँबाट सन्दर्भ प्रकाशन लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको लागि गाँऊपालिकामा एक प्रति ल्याउने गरी विभिन्न संचार प्रकाशन समितिहरुलाई भुक्तानी गरेको देखियो । गाँऊपालिकाले आफैले विषयवस्तु छनौट गरी पूर्वस्वीकृति दिइ छपाई गर्ने कार्य वाहेक अन्य छपाई गरेको रकम अनियमित खर्च हुने हुनाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखियो । यसको केही उदाहरणहरु निम्नानुसार छनः

| भौ नं / मिति | विवरण | रकम |
|---|---|---|
| ७८२।०८०।३।२३ | नेपाल निजामति कर्मचारी युनियन प्रदेश कार्य समिति, पोखरा | १५०००।०० |
| ७८३।०८०।३।२३ | नेपाल निजामती कर्मचारी संगठन, सूचना प्रकाशन | ५०००।०० |
| ७८४।०८०।३।२३ | कर्मचारी मिलन केन्द्र, भितेपात्रे प्रकाशन | १००००।०० |
| ७८५।०८०।३।२३ | रोटरी क्लव अफ पर्वत, शुभकामना विज्ञापन | २००००।०० |
| ७८६।०८०।३।२३ | नेपाल प्रेस यूनियन, पर्वत | २५०००।०० |
| ७८७।०८०।३।२३ | महिला अधिकारका लागि राष्ट्रिय अभियान क्यालेण्डर छपाई | १००००।०० |

| | | |
|---|---|---|
| ७९०।०८०।३।२३ | पोखरा हव प्रा लि सन्देशमूलक सूचना | १५०००।०० |
| ७९१।०८०।३।२३ | खराङकोट सामुहिक प्रत्रिका | १००००।०० |
| ७९६।०८०।३।२३ | पर्वत व्याडमिन्टन संघ | ३००००।०० |
| ७९७।०८०।३।२३ | फलेवास मिडिया | २००००।०० |
| ७९८।०८०।३।२३ | शुभ सन्देश साप्राहिक | १६०००।०० |

## ४६ वितरणमुखि कार्यमा खर्च

पालिकाले चालु खर्च मितव्ययि र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि खर्च गर्नुपर्दछ । निम्नानुसार भौ नं तथा मितिबाट नतिजाप्राप्त नहुने कार्यभर पालिकाको पूँजीगत खर्च गरेको देखियो । यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्च गर्नु नियमित नदेखिएको रु

| भै नं/मिति | विवरण | रकम |
|---|---|---|
| १४८।०७९।१०।२५ | मगर मौलिक सांस्कृतिक राष्ट्रिय महोत्सव मनाउने खर्च | ५००००।०० |
| ३८०।०८०।१।२५ | मिलिजुली युवा क्लव | १००००।०० |
| ३९९।०८०।२।८ | नेपाल मगर समाजलाई मगर दिवस मनाउन | २०००००।०० |
| ४२८।०८०।२।१२ | नेपाली काग्रेस जिल्ला कार्य समिति | १०००००।०० |
| ४३०।०८०।२।१४ | पैयूं क्षेत्र एम्बुलेन्स समिति ड्राइभर तलव | १०००००।०० |
| ४५९।०८०।२।२६ | राजु गुरुङ्ग औषधि उपचार | १००००।०० |
| | | ४७००००।०० |

| | |
|---|---|
| अनियमित भएको | ४,७०,००० |

## ४७ मागमा आधारित कार्याक्रम

गाँऊसभाले कार्यक्रमको विस्तृत विवरण नखुलाई मागमा आधारित कार्यक्रममा एकमुष्ट राखेको बजेटबाट पटक, पटकको निर्णयबाट विभिन्न अनुत्पादक क्षेत्र, वितरणमुखी कार्य, आर्थिक सहायता जस्ता कार्यक्रममा बजेट खर्च गरेको देखियो। यसरी कार्यक्रम योजना उल्लेख नगरी एकमुष्ट बजेट राखी वितरणमुखि कार्यमा खर्च गर्नु बजेट तर्जुमा र खर्च सिद्धान्त विपरीत

देखिएको छ । नमुना परीक्षणको रुपमा केहि भौचरहरुको परीक्षण गर्दा अनियमित देखिएको विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ रु

| | |
|---|---|
| अनियमित भएको | ४,६२,००० |

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४८ **रिटेन्सन मनि कट्टा वेगर भुक्तानी**

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ४८ मा प्राविधिक सीप विकास प्रदान गर्न पालिकाले सम्झौता गरी सेवा प्रदायक संस्था प्रतिस्पर्धाको आधारमा छनैट गरी कार्यक्रम संचालन गर्ने सक्ने व्यवस्था छ ।कार्यक्रम संम्पन्न भएपश्चात प्ररम्भिक प्रतिवेदनको आधारमा १० प्रतिशत रकम प्रदान गरिने तथा अनुगमन समितिले अनुगमन गरे पश्चात सन्तोषजनक भएको पाइएमा बाँकी रकममा नियमानुसार कर कट्टा र ५ प्रतिशत रिटेन्सन मनि कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले गोभै १५६ मिति २०८०।०१।११ बाट सहयात्रा विकास केन्द्र, नेपाललाई मिति २०७९।१०।२५ देखि २०७९।११।१७ सम्म मुडा बनाउने प्राविधिक सीप विकास तालिम संचालन गर्न छनौट गरिएकोमा मू अ कर बाहेक रु ४७४०३५ भुक्तानी गरेकोमा रिटेन्सन मनी रु २३७०१ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकाले बढी भुक्तानी रकम असुलउपर गर्नुपर्न रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,१०७ |

४९ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा 18 महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले गाउँपालिका स्वास्थ्य र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद) बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु. 18,75,000 को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५० **पट्टा नवीकरण आर्थिक सहयोग**

भौ.नं. ६११ मिति २०८०।३।२४ बाट भु.पु. सैनिक कल्याणकारी मञ्च नेपाललाई भु.पु. भारतय सेनाहरुको पट्टा नवीकरणको लागि शिविर संचालन गरेको भनी आर्थिक सहयोग रु. १ लाख गरेको देखियो । भु.पु. भारतीय सेनाको पट्टा व्यवस्थापनको

कार्य भारत सरकारकै कार्य क्षेत्र भएकोले यस्ता प्रकारका कार्यमा गाउँपालिकाले आर्थिक सहयोग प्रदान गर्नु नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## ५१ दाखिला प्रमाण

भौ नं ४३१।२०८०।०३।१४ बाट पैयू कालिका प्रा वि लाई दराज, कार्पेट खरिद वापत रु २५०७० भुक्तानी गरेकोमा उक्त समान विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु २५०७०

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,०७० |

## ५२ खरिद सम्झौता

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सार्वजनिक निकायले फटकर खरिद बाहेक खरिद गर्दा आपूर्तिकर्ता संग खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गोभै नं १८६ मिति २०८०।२।२३ बाट आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्दा पत्रिकामा प्रकाशित मूल्य सूचिमा खरिद गर्ने पालिका कार्यालयको २०७९।१।३ गतेको निर्णय अनुसार रु १३५३१०९।०० को खरिद गरेको छ । खरिद गर्दा वार्षिक खरिद योजना तयार एवं आपूर्तिकर्तासंग खरिद सम्झौता गरी खरिद कार्य गर्नुपर्दछ ।

## ५३ भ्रमण प्रतिबेदन

भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट यसबर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता यकीन गर्न सकिएन ।

## ५४ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१)(क२) वमोजिम कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिनरी, औजार, ईलेक्ट्रिक डिभाइसको पाँच लाख रुपैयाँसम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने उल्लेख छ । विभिन्न समयमा पालिकाले सवारीसाधन मर्मत गर्दा आधिकारिक मर्मत सेन्टरबाट नगरी खरिद कानून विपरित सोझै मर्मत गरेको छ । यसरी सार्वजनिक खरिद नियमावली अनुसार एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद वा मर्मत गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा दरभाउपत्र माग गर्नुपर्नेमा कार्यालयको सवारीसाधन मर्मत गर्दा पालिकाले देहायबमोजिम सोझै मर्मत खरिद गरेको नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने व्यक्ति तथा संस्थाको नाम | रकम |
|---|---|---|
| २४४।०७९।९।६ | कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज | २५८४७७.३ |
| २५८।०७९।९।७ | कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज | १४६१९१ |
| १२०।७९।७।२२ | ह.स.चा. दिपक प्रसाद भण्डारी | २५९६८८ |
| ८३२।८०।३।२४ | हाम्रो पश्चिमाञ्चल ट्रेडर्स | २३२५६ |
| ३६१।०७९।११।१४ | हाम्रो पश्चिमाञ्चल ट्रेडर्स | १८८७४१ |
| ४३८।०७९।१२।१९ | हाम्रो पश्चिमाञ्चल ट्रेडर्स | २२८८९२ |
| | जम्मा | ११०५२४५ |

| | |
|---|---|
| अनियमित भएको | ११,०५,२४५.३ |

## ५५ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| भोटेगैरा हरिचण्डी पाखिम्वास क्यामुने थाना सडक | ए.एस.कन्सल्ट प्रा.लि. वानेश्वोर 10 काठमाण्डौ | ३०५१०० | ३०५१०० | ५,६६,४०,५०८.४० |
| शेरा भोर्ले सिंचाइ कुलो | विल्ड विथ पाइड प्रा.लि.कुस्मा 9 पर्वत | २२२६१० | २२२६१० | ८६,८१,६७५.८२ |
| छिचौदी वाटर फल चालालुङ केभ एण्ड मसुरवारी मन्दिर | बास्तु विल्डर्स प्रा.लि कुस्मा 6 वर्वत | ४५७६५० | ४५७६५० | २,४२,९८,५००० |
| 10 शैया अस्पतालको स्लोप कटान बडा नं.4 हुवास | जे.आर.कन्सल्टेन्ट कन्चन्पुर | ४५२००० | ४५२००० | १,३७,५३,५०८.८४ |
| | जम्मा | १४३७३६० | १४३७३६० | ३२,२०,६०,६९३.०६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै

आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता देखिएन।

५६ **मू अ कर घटि कट्टा**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी निकायले स्वा खरिद गर्दा मू अ कर रकमको तीस प्रतिशत कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भौ नं ६१५ मिति २०८०।३।२४ बाट विल्ड विथ प्राइड( Build with pride) प्रा लि लाई सेरा भोर्ले सिँचाई योजनाको फिजिविलिटी स्टडि एण्ड विज्ञापन कार्यको कार्यको लागि रु २२२६१० र बस्तु विल्डर्स प्रा लि लाई chhicaudi waterfall, chhalulung cave and musurbari Kalika Temple पैंयू भोटे गौरा हिचण्डि पाखिम्वास क्यामुनेको फिजिविलिटी स्टडि गर्नको लागि रु ३०५१००।०० समेत जम्मा रु ९८५३८०, मू अ कर सहित भुक्तानी गरेकोमा तीस प्रतिशत मु अ कर कट्टा नगरेकोले मु अ कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,००८ |

५७ **ब्याकहु लोडर खरिद**

ब्याक हु मेशिन खरिद गर्नको लागि रु. ५२०००००/- लागत अनुमान भएको देखिन्छ । प्रतिस्पर्धाको माध्यमद्वारा उक्त लोडर मेशिन खरिद गर्नको लागि वोलपत्र मूल्याङ्कन समितिको २०८०।३।७ को निर्णय अनुसार एन.एस. अर्थ मुभर्स प्रा.लि.को रु. ३९९९०००/- को न्यूनतम मुल्यांकित भइ सारभूत रुपमा प्रभावग्राही देखिएको स्वीकृत गरी खरिद गरेको छ

५८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) मा सिलवन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ३१(१) मा रु. २० लाख भन्दा बढि लागत अनुमान भएको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने उल्लेख छ। निम्नानुसारको भौ.नं., मितिबाट पाइप खरिद गरेकोमा लागत अनुमान बेगर पटक पटक टुक्रा खरिद गरेको देखियो । आवश्यकताको पहिचान गरी लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक खरिद विधिद्वारा खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा पारी खरिद गरेको नियमित नदेखिएको रु.

| भौ.नं. र मिति | विवरण | | रकम |
|---|---|---|---|
| ५२।०७९।९।२७ | प्रमन प्रमिला सप्लायर्स | १५००० मि. | ६७८००० |
| २०७।०७९।११।१६ | पैंयुं कालिका हार्डवेयर | २१६०० मिटर | ९९५९४८ |

| | | | |
|---|---|---|---|
| ३९६।०८०।२।८ | चापागाई हार्डवेयर | ८६१२ मिटर | ३९९४१४ |
| ६१८।०८०।३।२४ | चापागाई हार्डवेयर | ५०० मिटर | ३२३०६ |
| | जम्मा | | २१०५६६८ |

| | |
|---|---|
| अनियमित भएको | २१,०५,६६८ |

## ५९ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा 37.85 प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा छन् ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | चिसापानी देउराली छहरे सडक | PRM/NCB/W/R/ PAR/01/2079-080 | आँधीखोला विल्डर्स प्रा.लि. गल्याङ -3 स्याङजा | १५४५७५८९.९२ | ९६०५८४४.२५ | ३७.८५ |

## ६० म.अ.कर बढी भुक्तानी

८९।०७९।९।२५ बाट वडा नं. ३ मोटरबाटो पक्की नाली व्यवस्थापन पालिका साझेदारी उपभोक्ता समिति सँग १३०४३५६।९७ मा सम्झौता गरेकोमा उपभोक्ताको अंश कटाई रु. ११२८०००/- भुक्तानी गरेकोमा सिमेण्टको इन्पुट रहने सिमेण्टको आइटममा २८२.३६ बोराको रु. २६४०९/- भ्याट भुक्तानी गरेको देखियो । उपभोक्ताले सिमेण्ट खरिदमा १६९३० मात्र तिरेकोले रु. ९४७८/- बढी भ्याट भुक्तानी गरेको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४७८ |

## ६१ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम

९०१ /२०८०-०३-२२ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम मार्फत सञ्चालित आधारभुत अस्पताल भवन निर्माणको कार्यप्रगति सन्तोषजनक रुपमा अगाडि बढेको पाइएन । अतः कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौतामा उल्लिखित कार्यतालिका बमोजिम निर्माण कार्य अगाडी बढाउनुपर्छ

### ६२ प्राविधिक इष्टिमेट विनाको खर्च

सिचांई कुलो मर्मतवापत चापागाई हार्डवेयर सप्लायर्सलाई रु. ९६३२८/- भुक्तानी दिएकोमा प्राविधिक इष्टिमेट तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,३२८ |

### ६३ बढी भुक्तानी

नायक निर्माण एण्ड सप्लायर्स सेवा पर्वत प्रा. लि.लाई पहिरो सफा कार्यमा डोजर प्रयोग गरी सफा गरेको भनी रु. ५२५४५/- भुक्तानी गरेको छ । सप्लायर्सले पेश गरेको बिलमा रु.५३०९ का दरले ५ घण्टाको २६५४८.७० तथा सो वापतको १३ प्रतिशत मु.अ.कर ३४५१.३ गरी जम्मा २९,९९९.८ भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५४९ |

### ६४ पुँजीगत बजेटबाट अनुत्पादक खर्च

पुँजिगत बजेट उत्पादनमूलक कार्यमा खर्च गर्नुपर्दछ । जुन कार्यक्रम/योजना कार्यान्वयनको लागि बजेट व्यवस्था गरेको हो सोही कार्यक्रममा खर्च गरिनुपर्दछ । पूँजीगत बजेट नतिजा प्राप्त गर्ने गरि प्रतिफल दिने योजनामा खर्च गर्नुपर्नेका देहाय अनुसार पुँजीगत बजेटमा व्यवस्था गरेको कार्यक्रम बजेट अनुत्पादक एवं वितरणमुखी कार्यमा खर्च गरेको नियमित नदेखिएको रु.

| भौनं/मिति | बजेट व्यवस्था भएको योजना | खर्च गरेको कार्यक्रम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ६०२।२०८०।३।२४ | ४ नं वडाको मार्दिखोला पुरानो बजार सडक स्तरोन्नती | होटल बेन्जु प्रालि को विलअनुसार लजिङ्ग फुडिङ्ग भुक्तानी | ४२१५४।०० | |
| ६१३।०८०।३।२४ | मागमा आधारित कार्यालयस्तरका योजना तथा कार्यक्रम | जनसेवा युवा क्लव | १०००००।०० | |
| | | | १४२१५४ | |

| | |
|---|---|
| अनियमित भएको | १,४२,१५४ |

### ६५ उपभोक्ता समितिलाई बढि भ्याट भुक्तानी

उपभोक्ता समितिले निर्माण, मर्मतको कार्य गर्दा मु.अ. कर लाग्ने वस्तु तथा सेवाको खरिदमा उपभोक्ताले तिरेको मु.अ.कर सोधभर्ना कार्यालयले गर्नुपर्ने हुन्छ । यसरी खरिदमा तिरेको भ्याट रकम भन्दा कार्यालयले बढी भ्याट भुक्तानी गरेको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. तथा यस सम्बन्धि विविरण अनुसूची-८ मा समावेश रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,३९२ |

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ६६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### ६७ बढी भुक्तानी

१५९।०७९।१०।२६ बाट घैयाखेत कटहर फेद देखि उरानी गोरेटो बाटो निर्माण गर्न १:२:४ पि.सि.सि. सम्पन्न परिमाण ९.३० घन मिटर कार्यमा ५९.२२ बोरा सिमेण्टको भुक्तानी गरेको छ । उपभोक्ताले ५ वोरा मात्र सिमेण्ट खरिद गरेकोले ५४.५२ बोराको ४८३९/- खरिद नगरेको सामानको मूल्य तिरेकोले उक्त रकमबाट उपभोक्ताको अंश कटाइ रु. ४३०६६/- असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,०६६ |

### ६८ सूचना प्रकाशन

भौ.नं. ६०९ मिति २०८०।३।२४ वाट पावर न्यूज नेटवर्क मिडिया प्रा.लि.लाई रु. १ लाख मागमा आधारित कार्यालयस्तर योजना शीर्षकबाट खर्च लेखेको छ । वार्षिक सम्झौता बमोजिम सार्वजनिक हितका सूचना, विज्ञापन प्रकाशन वापत भुक्तानी गरेको छ । नेपाल पत्रकार महासंघलाई एकमुष्ट सम्झौता बमोजिम रकम दिइसकेपछि पुनः सार्वजनिक हितको सूचना भनी भुक्तानी गरेकोले खर्च नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

### ६९ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान

र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ७० म्याद थप

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने कार्यतालिका उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विस्तृत विवरण अनुसूची ९ मा रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ७१ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम

१ १००० २/२०८०-०१-११ गाउँ पालिकाले स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम तर्फ बहुबर्षे योजना सञ्चालन गरि प्रशासकीय भवन निर्माण गरेको छ । बहुबर्षे योजनाको रुपमा साझेदारीमा सञ्चालित कार्यक्रमको कुल लागत र लागत व्यहोर्ने स्रोत स्पष्ट देखिने गरि अभिलेख तयार गरी राख्नुपर्छ। साथै, निर्माण कार्यसँग सम्बन्धित प्राविधिक विवरणहरु स्वीकृत म.ले.प. फाराम बमोजिम राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नापी किताब ठेक्का बिल लगायतका कागजात तोकीएको मलेप फाराम बमोजिम राखेको नदेखिएकोले स्वीकृत ढाँचामा तयार गरि राख्नुपर्छ ।

## ७२ प्राविधिक प्रतिवेदन

भौ.नं. ८०९ मिति २०८०।३।२३ वाट गाउँपालिका वडा नं. ६ कार्यालयको सिफारिस पत्रानुसार तिवारी कृषि तथा पशुपन्छि फर्मलाई ३५० वटा ब्रोइलर कुखुरा मरेको भनी रु. ३५०००/- भुक्तानी गरेको छ । प्राविधक प्रतिवेदन लिई र त्यसरी

फर्मको कुखुरा मरेको अवस्थामा क्षतिपूर्ति दिने आधार कारण सहित भुक्तानी गर्नुपर्नेमा सो वेगर नै गरेकोले खर्च नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,००० |

७३ **मु.अ. कर कट्टाः**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सार्वजनिक निकायले निर्माण वा सेवा वापत करार सम्झौता गरी गरिएको मु.अ. कर सहितको भुक्तानीमा मु.अ. करको तीस प्रतिशत कट्टा गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । भौ.नं. २ मिति २०७९।६।११ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट विकासका लागि वातावरणीय संरक्षण सेवा नेपाललाई मु.अ. कर रु. १५१६६७/२३ भुक्तानी गरेकोमा तीस प्रतिशतले हुने रु. ४५५००/- मु.अ. कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा नगरेकोले समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,५०० |

७४ **घटि कर**

प्रदेश सरकार हस्तान्तरित कार्यक्रम, भौ.नं. ८ मिति २०८०।३।२४ बाट पैंयु ७ हिले क्षेत्रीडाँडा ड्रिलिङ कम्पनी आयोजना उपभोक्ता समितिलाई रु. ७५७०२९१/- भुक्तानी गरेको छ । आयकर ऐन, २०५८ को दफा ८९ (३क) बमोजिमलाई रु. ५० लाख भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रीम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने उल्लेख गरेकोले रु. ७५७०२९१/- को १.५ प्रतिशतले हुने रु. ११३५५४/३६ अग्रीम कर कट्टा गर्नुपर्नेमा रु. ७७६३२/- मात्र कट्टा गरेकोले रु. ३५९२२/३६ घटी कर कट्टा गरेको असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,९२२ |

७५ **विमाको विल**

संघीय सरकार हस्तान्तरित कार्यक्रम भौ.नं. ४७ मिति २०८०।३।३ बाट हुवास बजार ढल व्यवस्थापनको प्रथम रनिङ विल वापत आँधिखोला विल्डर्स प्रा.लि.लाई रु. २२६८७९१/- भुक्तानी गरेकोमा प्रोभिजनल सममा रहेको विमा वापत रु. ८४६६०।०६ भुक्तानी गरेकोमा रु. ३५९५०/९७ मात्रको विल विजक पेश गरेकोले नपुग रु. ४८७०९/०९ को विल विजक पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,७०९ |

७६ **बढी भुक्तानी**

१२७।०७९।९।२६ बाट जनसेवा संस्कृत मा.वि. पैयूँहटिया पूर्वाधार निर्माणको लागि रु. २२०६०८/९९ को लगत इष्टिमेट भएकोमा रु. २ लाख गाउँपालिकाबाट व्यहोर्ने उल्लेख छ । उक्त कार्य गरी गाउँपालिकाले १९२०००/- विद्यालयलाई भुक्तानी गरेकोमा पि.सि.सि. को काममा १३.८६ घन मिटरको कार्यमा ८८.७० बोराको रु. ७२११६/- भुक्तानी गरेको

देखिन्छ । विद्यालयले ७४ बोरा मात्र खरिद गरेकोले १४.७ बोराको दर ८१३/- ले हुने रु११९५१/१० सिमेण्ट खरिद नगरेको अवस्थामा नर्मस बमोजिम पुरै रकम दिएकोले बढी भुक्तानी रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९५१ |

७७ **आय ठेक्का नलागेको**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने डुंड नाका भोर्ले (पहिलो), डुंड नाका भोर्ले (दोस्रो), समि नाका र विनु मा.वि. छत्तिसे बगरबाट ढुङ्गा गिट्टी, बालुवा विक्री गर्ने प्रयोजनको लागि आ.व. २०७८।०७९ मा ४०८३ घ.मि. मा ठेक्का सम्झौता रु. १११५०००/- मा गरेकोमा २०७९।०८० मा २५५३ घ.मि.मा रु. ७६६९१९/- मा सिलवन्दी दरभाउपत्रबाट गर्ने गरी सूचना प्रकाशन दुई पटक गरेकोमा प्रथम पटक ६ वटा विक्री भइ कुनै पनि दर्ता नभएको र दोस्रो पटक दरभाउपत्र फाराम नै विक्री नभएकोले २०७९।७।२१ को निर्णयले उक्त ठेक्का रद्द गरेको छ । सो क्षेत्रमा ठेक्का नलागेता पनि पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्ने तर्फ ध्यान दिएको देखिएन ।

७८ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष ४ थानको रु.९०००० र यस वर्ष १११ थान को रु.९९४६५ खरिद गरेकोमा गत वर्ष ६४ जना र यस वर्ष ५९ जना गरी १२३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ८८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७९ **बहाल/ढुवानी कर**

आयकर ऐन, २०५८ को दफा ८८, ८९ तथा सालबसाली आर्थिक ऐन बमोजिम ढुवानीमा १० % वहाल कर कट्टि गरि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले देहायअनुसारका योजना तथा कार्यक्रम सचांलन गराउँदा वहाल कर कट्टि नगरी भुक्तानी दिइएको पाईन्छ । सो बढि भुक्तानी हुन गएको रकम सम्वन्धितवाट अशुल गरि दाखिला गर्नुपर्ने रु.

| गो.भौ. | मिति | योजना/कार्यक्रम | ढुवानी सामान | ढुवानी रकम रु. | सवारी साधन नं/सवारी धनि | कट्टि हुनुपर्ने वहाल कर (१०%) | बढि भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ०७९।५।२४ | सरौंखोला सिरवानी सडकखण्डमा जाली भर्ने काम | विविध | ३१५०० | ग ११ प ४६२८ | ३१५० | ३१५० |
| १९ | ०७९।७।२५ | वडा नं ७ मोटरबाटो सरसफाई | ढुंगा,गिटी,बालुवा | ३०००० | ग १ त ७३४६ | ३००० | ३००० |
| ३०९ | ०७९।१२।२७ | भर्मा सिंचाई कुलो निर्माण | ढुंगा र बालुवा | २२००० | ग १ त ४४०३ | २२०० | २२०० |
| | जम्मा रु . | | | | | | ८३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३५० |

## ८० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०३३५२४०८ | ३६२०११७ | १.१९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 1.19 प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ८१ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ती तथा भूमि कर | ३२००००० | १२५३१८१ | ३९.१६ |
| घरजग्गा वहाल कर | २०४००० | ६७२९८९ | ३२९.९ |
| व्यवसाय कर | १०२००० | ६४१८५ | ६२.९३ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| पूर्वाधार सेवाको उपयोगमा | ९६९००० | ० | ० |
| नक्सा पास दस्तुर | ५६१००० | ६१६३१ | १०.१८ |
| सिफारिस दस्तुर | ७१४००० | ५५२८९७ | ७७.४४ |
| व्यक्तिगत घटना दर्ता | १२७५०० | २४८४०० | १९४.८२ |
| नाता प्रमाणित दस्तुर | ५१००० | ३४५०० | ६७.६४ |
| अन्य दस्तुर | १५३००० | ४२९३८३ | २८०.८४ |
| रजिष्ट्रेशन दस्तुर | ६००००० | ० | ० |
| स्रोत उपयोग कर | ८१६००० | ११५००० | १४.०९ |
| रेडियो/एफ.एम.सञ्चालन दस्तुर | १०००० | ० | ० |
| जडिवुटी कवाडी र जीवजन्तु कर | ५०००० | ० | ० |
| वेरुजु | ० | १८७९५१ | |
| जम्मा | ७५५७५०० | ३६२०११७ | ४७.९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ८२ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

## ८३ राजस्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट

प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ वडाहरुको राजस्व असुली रु.८३५०९२ भएकोमा केहि वडाहरुको नमूना परीक्षण गर्दा महिनाको अन्तमा पनि दाखिला गरेको देखियो । यस सम्बन्धमा छलफल हुँदा सानो रकम भएकोले र वडा, वडामा बैंक नभएको जानकारी दिएको छ ।कानून बमोजिकको अवधिमा राजस्व दाखिला गर्नुपर्दछ।

| क सं | वडा नं | आय शिर्षक | | | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | सिफरिस दस्तुर | व्यक्तिगत घटना दर्ता | नाता प्रमाणीत | | | |
| १ | १ | ३३६९७ | ३८४०० | ४६०० | ७६६९७ | ७६६९७ | - |
| २ | २ | ६५४२६ | ३२२०० | ५१०० | १०२७२६ | १०२७२६ | - |
| ३ | ३ | ७४३०० | ६०१०० | ० | १३४४०० | १३४४०० | - |
| ४ | ४ | १३३४२१ | ३६८०० | ७३०० | १७७५२१ | १७७५२१ | - |
| ५ | ५ | ५६९२७ | ३७६०० | ० | ९४५२७ | ९४५२७ | - |
| ६ | ६ | १०७४७४ | १९४०० | ५००० | १३१८७४ | १३१८७४ | - |
| ७ | ७ | ७२१४७ | ३२३०० | १२९०० | ११७३४७ | ११७३४७ | - |
| | जम्मा | ५४३३९२ | २५६८०० | ३४९०० | ८३५०९२ | ८३५०९२ | |

## ८४ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६४१८५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ८५ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७५,५७,५००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३६,२०,११७। अर्थात अनुमान भन्दा ५२.१० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ

८६ **कृत्रिम गर्भाधारण**

(गो.भौ.नं. २१२, ०८०।०३।११) कृतिम गर्भाधारण मिसन कार्यक्रमको लागि आवश्यक सामाग्री खरिद शिर्षकमा विनियोजित रकम रु. ३,५०००० वाट खर्च विल/भरपाईको आधारमा रु ३,३६,२८१ खर्च लेखी भुक्तानी दिनुपर्नेमा रु. ३४४३८० भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम रु. ८०९९ सम्वन्धित वाट असुल गरि दाखिला गर्नुपर्ने । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०९९ |

८७ **प्राविधिक प्रतिवेदन**

भौ नं ४४७ मिति २०८०।२।२३ बाट भोर्ले शिला महिला कृषि सहकारी संस्थालाई ३० घार गोला सहितको मौरी घार समूहका सदस्यलाई वितरण गरेकोमा वितरित भएका मौरी घरहरुको अवस्था बारेको अनुगमन प्राविधिक प्रतिवेदन पेश नगरेकोले वितरित घरको अवस्था बारे कार्यालय सुनिश्चित हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

८८ **बढी भुक्तानी**

६६।०७९।९।१९ बाट स्वास्थ्यचौकी जाने मोटरबाटो ढलान र नाली निर्माणको कार्य गर्न रु. ६९२४६८/- को लागत अनुमान गरेकोमा कन्टिजेन्सी कट्टा गरी रु. ५७६०००/- भुक्तानी गरेको छ । उपभोक्ता मार्फत गरेको कार्यमा १:२:५ पि.सि.सि.मा ३५.९४ घन मिटरमा २३० बोरा सिमेण्ट लाग्ने देखिन्छ । उक्त सामान खरिद गर्दा रु. २१५१३ भ्याट भुक्तानी गरेकोमा उपभोक्ताले २५० बोराको १७४८५/- मात्र भ्याट तिरेकोले रु. ४०२८/- बढी भ्याट भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०२८ |

८९ **साठी लाख रुपैंया भन्दा बढीको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३ (क१) मा साठी लाख रुपैंया भन्दा बढीको लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान खुलाई सम्झौता गर्नुपर्ने उल्लेख छ । हिले क्षेत्रीडाँडा ड्रिलिङ खानेपानी आयोजना निर्माणको लागि रु. ८४७८२८८/९४ को लागत अनुमान गरी गाउँपालिकाले रु. ७६८००००/- र उपभोक्ताले रु. ४६०८५५ अर्थात ५.४३ प्रतिशत मात्र योगदान रहने गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ताले गर्ने र कार्यालयले गर्ने कार्यमा अंश प्रत्येक इकाईमा खुलाएको देखिएन । तसर्थ खरिद कानूनको परिपालना हुनुपर्दछ । त्यस्तै खानेपानी आयोजनाको ड्रिलिङ कार्य जस्तो जटिल प्राविधिक कार्य उपभोक्ता समितिमार्फत गराएको देखिएन।

९० **उपभोक्ता समितीलाई बढी भुक्तानी**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाइ सहित श्रेस्ता राख्नुपर्ने तथा नियम ३६(८) बमोजिम रित पुगे/नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । तपशिल गो.भौ.नं. तथा शिर्षकहरुमा बढी भुक्तानी भएको पाइएकोले सम्वन्धित उपभोक्ता समितिहरु वाट सो रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ. नं | मिति | योजना/कार्यक्रम | विनियोजित बजेट | लागत अनुमान | घटी काम भएको रकम | कार्यस-म्पादन | भुक्तानी दिनुपर्ने रु. | भुक्तानी दिइएको रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १०५ | २079।९।२५ | फलाउँदी पधेँरो मर्मत र पौवा निर्माण | १२५००० | १४८२६७.२७ | ७००३.४९ | १४१२६३.७८ | ११२९९६.५१ | १२०००० | ७००३.४९ |
| २१८ | २०७९ ११।१७ | गुर्दीखोला सिर्जनाटोल सिंढी बाटो निर्माण | ५०००० | ५५७०५.३४ | ९७२३.९७ | ४५९८१.३७ | ३८२७६.०३ | ४८००० | ९७२३.९७ |
| ४५० | २०८०।२।२३ | स्वास्थ्य चौकी ढल निकास व्यवस्थापन | १३०००० | १४३९८१.१० | ७१३७.९० | १३६८४३.२० | ११७६६२.१ | १२४८०० | ७१३७.९० |
| ४७१ | २०८०।२।३१ | डाँडाधुर सिरानघर बाटाघर सिरानगैरा लाम्पटाधारा गोरेटोबाटो | १५०००० | १६५९०१.९९ | ५५१७.५ | १६०३८३.९१ | १३८४८२.५४ | १४४००० | ५५१७.५ |
| ५१७ | २०८०।३।२० | ठुल्डाँडा खानेपानी मर्मत योजना | ५०००० | ५५७१०.४९ | ९४८३.०३ | ४६२२७.४६ | ३८५१६.९७ | ४८००० | ९४८३.०३ |
| ५२१ | २०८०।३।२० | उज्यालो वडा अभियान | ४००००० | ४४०९८८.८९ | ५२८६.७७ | ४३५७०२.१२ | ३७८७१३.२३ | ३८४००० | ५२८६.७७ |
| ५२७ | २०८०।३।२१ | चिसापानी देउराली छहरे सडक | २००००० | २२०३०६५.६० | २२५२१.७४ | २१८०५४३.८५ | १९००३७२.०१ | १९२००० | १९६२८ |
| जम्मा रु. | | | | | | | | | ६३७७७.६६ |

| असुल गर्नुपर्ने | ६३,७७७ |
|---|---|

## ९१ उपभोक्ता समिति मार्फत खानेपानी आयोजना

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले हिले क्षेत्री डाँडा ड्रिलिङ्ग खानेपानी आयोजना संचालन गर्न उपभोक्ता समिति संग रु ८४३७१६६।०० लाखको ल ई स्वीकृत गरी कार्य गरेकोमा रु ८३५७१७७ खर्चको अन्तिम

विल पेश गरी रु ४८९२६५९।०० भुक्तानी गरेको छ । खानेपानी आयोजना निर्माण गर्न जमिन मुनी ड्रिलिङ्ग गरेको र सोको लागि हेभि इक्यूपमेन्ट प्रयोग गरेकाले नियमावलीको पालना नभएकाले पालिकाले स्थानीय स्तरमा रोजगारी सृजना हुने खालको योजना कार्यान्वयन गर्नुपर्दछ ।

## ९२ उपभोक्ता समितिले डोजर प्रयोग

उपभोक्ता समितिले डोजर प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिद्वारा काम गराउने व्यवस्था छ । नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यक्रम, लोडर, डोजर, एक्साभेटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भई प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । निम्नानुसार निर्माण तथा मर्मत कार्यहरु उपभोक्ता समितिबाट गराएकोमा डोजर प्रयोग गरेको देखिन्छ । डोजर प्रयोग गर्नको लागि लागत अनुमान तयार गर्दा उपभोक्ता सार्वजनिक निकायबाट स्वीकृति लिएको समेत समेत देखिदैन । यसरी उपभोक्ता समितिले डोजर प्रयोग गरेका केही कार्यको उदाहरण देहाय अनुसार रहेका छन् ।

| गो.भौ.नं. र मिति | आयोजनाको नाम | खर्च रकम | रकम | |
|---|---|---|---|---|
| १९।०७९।७।२३ | वडाको सडक सफाई | ४६०८०० | किङ्स कन्सट्रक्सन प्रा.लि. | ४६०८०० |
| ३६।०७९।८।२७ | वडाको सडक सफाई | ६७२००० | डोजर विल | ७००६०० |
| १०३।०७९।९।२५ | फलेवास थुम्का देविस्थान सडक निर्माण | १८९०२४ | डोजर विल | १९२००० |
| २९६।०७९।१२।२९ | कार्तिके ज्यामिरे नयाँ मोटरबाटो निर्माण उपभोक्ता समिति | १२४८०० | डोजर विल | १५७६३५ |
| ३१८।०७९।१२।२८ | हिले नेपाने घुम्ती मारादी पहरे सडक सम्भार | २६७८४६ | डोजर विल | ३१५२७० |
| ३७७।०७९।१।२४ | अम्बोटे पोखरी जोड्ने नयाँ ट्र्याक निर्माण | ३८४००० | डोजर विल | ४४१३७८ |
| ४३६।०८०।२।२२ | सिरुगैरा काउले गैर गावुडाँडा सडक मर्मत उपभोक्ता समिति | २८८००० | डोजर विल | ३३१२७० |
| ४७९।०८०।३।३ | इकाइ दलित वस्ती सडक निर्माण उपभोक्ता समिति | २८८००० | डोजर विल | ३१००१५ |
| ५३५।०८०।३।२२ | कुटी चिलुवा मोटरबाटो उपभोक्ता समिति | १२१२०३ | डोजर विल | १६८१४४ |
| | | ३१६३७३१ | | ३५२८९९९ |

उपरोक्त अनुसार स्थानीय श्रम र सीपको प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै आयस्तर बढाउने उद्देश्यले उपभोक्ता समितिबाट निर्माण कार्य गराउने उद्देश्य राखेकोमा मेशिन इक्वीपमेन्ट प्रयोग गरी उपभोक्ता समितिले निर्माण एवं मर्मतको कार्य गराउनु खरिद नियमावली नियम ९७ (९) बमोजिम भएको देखिएन।

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : पैयूं गाउँपालिका, पर्बत , पैन्यु गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | केशव लामिछाने | २०७७-१२-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सरोज पराजुली | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३७८,६७८ | ५,५७७,७०१.३ | २,१८०,३३८ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८,१३६,७१७.३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६३,७५० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८,०७२,९६७.३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | ५५१३८४१५ |
|---|---|
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ३०९४८८३५८ | **चालु खर्च** | २६१६९४६३२ |
| **प्रदेश सरकारबाट अनुदान** | १९१७१८३५ | **पूँजीगत खर्च** | १६३२९४७११ |
| **राजश्व बाँडफाँट** | ५५०३०२१३ | **वित्तीय/अन्य व्यवस्था** | ११३६६०४६२ |
| **आन्तरिक आय** | ५९०४१८६.० | | |
| **अन्य आय** | ११६३१०५६९ | | |
| **कुल आय** | ५०५९०५१६१ | **कुल खर्च** | ५३८६४९८०५ |
| **बाँकी मौज्दात** | | २२३९३७७१ | |

**बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४८,०९,७०,२४०.१४ | ३९,५९,९६,७०४.९६ | | ३९,५९,९६,७०४.९६ | ३६,८२,०३,३९१.१५ | | ३६,८२,०३,३९१.१५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,७२,१३,५७१.०० | ३८,९५,९४,५९२.४६ | ० | ३८,९५,९४,५९२.४६ | ३५,२१,७०,५४७.१५ | ० | ३५,२१,७०,५४७.१५ |
| ११००० कर | ११ | ७,११,७४,०००.०० | ५,६९,५२,३९२.१७ | ० | ५,६९,५२,३९२.१७ | ५,४७,२८,६५९.४६ | ० | ५,४७,२८,६५९.४६ |
| १३००० अनुदान | | ३५,७८,९६,०००.०० | ३२,८६,६०,१९३.१७ | ० | ३२,८६,६०,१९३.१७ | २८,७९,३१,७२१.६९ | ० | २८,७९,३१,७२१.६९ |
| संघीय सरकार | १२ | ३३,६१,९०,०००.०० | ३०,९४,८८,३५८.१७ | ० | ३०,९४,८८,३५८.१७ | २७,३७,९७,३९५.६९ | ० | २७,३७,९७,३९५.६९ |
| प्रदेश सरकार | १२ | २,१७,०६,०००.०० | १,९१,७१,८३५.०० | ० | १,९१,७१,८३५.०० | १,४१,३४,३२६.०० | ० | १,४१,३४,३२६.०० |
| १४००० अन्य राजस्व | | ४०,६८,५७१.०० | ३७,९४,०५६.१२ | ० | ३७,९४,०५६.१२ | ९५,१०,१६६.०० | ० | ९५,१०,१६६.०० |
| १५००० विविध प्राप्ति | | ० | १,८७,९५१.०० | ० | १,८७,९५१.०० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | | ४,४०,७५,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ३७,५६,६६९.१४ | ६४,०२,११२.५० | | ६४,०२,११२.५० | १,६०,३२,८४४.०० | | १,६०,३२,८४४.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३७,५६,६६९.१४ | ६,३०,८४२.५० | ० | ६,३०,८४२.५० | १,२७,९५,२३१.०० | ० | १,२७,९५,२३१.०० |
| धरौटी | | ० | ५७,७१,२७०.०० | ० | ५७,७१,२७०.०० | ३२,३७,६१३.०० | ० | ३२,३७,६१३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४८,०९,७०,२४०.१४ | ४२,८६,०८,५३३.५६ | | ४२,८६,०८,५३३.५६ | ३७,३५,७०,७८७.११ | | ३७,३५,७०,७८७.११ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४७,७२,१३,५७१.०० | ४२,४९,८९,३४३.८६ | | ४२,४९,८९,३४३.८६ | ३५,९६,५५,७७९.६३ | | ३५,९६,५५,७७९.६३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,७५,४१,३७०.०० | १९,०६,१४,६८८.६२ | ० | १९,०६,१४,६८८.६२ | १५,९८,९०,७३२.१७ | ० | १५,९८,९०,७३२.१७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,४६,२४,११६.०० | ५,१४,३२,९५१.५३ | ० | ५,१४,३२,९५१.५३ | ५,४५,५८,९०६.७१ | ० | ५,४५,५८,९०६.७१ |
| २५००० सहायता (Subsidy) | १८ | ५५,४४,०००.०० | ४८,१६,८०३.०० | ० | ४८,१६,८०३.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,५५,५३,०००.०० | १,३२,४४,६८९.०० | ० | १,३२,४४,६८९.०० | ८६,४९,४४२.०० | ० | ८६,४९,४४२.०० |
| २८००० अन्य खर्च | १८ | १९,५०,०००.०० | १५,८५,५००.०० | ० | १५,८५,५००.०० | २१,१२,८५०.०० | ० | २१,१२,८५०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,२०,०१,०८५.०० | १६,३२,९४,७११.७१ | ० | १६,३२,९४,७११.७१ | १३,४४,४३,८४८.७५ | ० | १३,४४,४३,८४८.७५ |
| घ. अन्य भूक्तानी | | ३७,५६,६६९.१४ | ३६,१९,१८९.७० | | ३६,१९,१८९.७० | ३७,३५,७०,७८७.११ | | ३७,३५,७०,७८७.११ |
| कोषहरु | | ३७,५६,६६९.१४ | ४,४१,१९७.५० | ० | ४,४१,१९७.५० | १,२०,७०,६९६.०० | ० | १,२०,७०,६९६.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | ३३,१०,८०१.०० | ० | ३३,१०,८०१.०० | १८,४४,३११.४८ | ० | १८,४४,३११.४८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,३२,८०८.८०) | | (१,३२,८०८.८०) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (३,२६,११,८२८.६०) | | (३,२६,११,८२८.६०) | (५३,६७,३९५.९६) | | (५३,६७,३९५.९६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,५२,३०,६४७.४८ | | ५,५२,३०,६४७.४८ | ६,०४,१९,३२०.२४ | | ६,०४,१९,३२०.२४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २,२६,१८,८१८.८८ | | २,२६,१८,८१८.८८ | ५,५०,५१,९२४.२८ | | ५,५०,५१,९२४.२८ |

**बेरूजु दफा ३.३ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| खाता | खाता नं. | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| ग.1.1 आन्तरिक राजश्व खाता | 318501508401076 | ० | ० | ० |
| ग.1.2बाँडफाँडबाट प्राप्त राजश्व खाता | 318501508401084 | ० | ० | ० |
| ग.1.3 आन्तरिक अनुदान खाता | 318501508401092 | ० | ० | ० |
| ग.2.2 चालू खर्च खाता | 318501508401114 | ० | ० | ० |
| ग.2.4 पूँजीगत खर्च खाता | 318501508401122 | ० | ० | ० |
| ग.2.7 विविध खर्च खाता | 318501508401149 | ७६५५२६.१२ | ७६५५२६.१२ | ० |
| ग.3 धरौटी खाता | 318501508401041 | ७२००५४६ | ७२००५४६ | ० |

| | | | | |
|---|---|---|---|---|
| ग.4.1 सञ्चित कोष खाता | 318501508401017 | १३३६११७३.२४ | १३०७७४०२.११ | –२८३७७१.१३ |
| ग.6.1 विभाज्य कोष खाता | 318501508401157 | ० | ० | ० |
| ग.7.2प्रकोप व्यवस्थापन कोष खाता | 318501508401068 | १२९१५७३.५२ | १२९१५७३.५२ | ० |
| जम्मा | | २२६१८८१८।८८ | २२३३५०४७।७५ | –२८३७७१.१३ |

**बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार |
|---|---|---|---|---|
| १ | टकलाक मा.वि. | 13 | 13 | 6 |
| २ | देउराली प्रा.वि. | 3 | 3 | 1 |
| ३ | नमुना सरस्वती प्रा.वि. | 2 | 2 | 2 |
| ४ | बाल प्रतिभा प्रा.वि. | 3 | 3 | 0 |
| ५ | निर्मल जनसेवा मा.वि. | 18 | 18 | 0 |
| ६ | जनपृय आ.वि. | 7 | 7 | 3 |
| ७ | खेल्ने पोखरी प्रा.वि. | 4 | 4 | 1 |
| ८ | पालुस्थान मा.वि. | 18 | 18 | 4 |
| ९ | दीपज्योती प्रा.वि. | 2 | 2 | 1 |
| १० | सिन्दुरे प्रा.वि. | 3 | 3 | 2 |
| ११ | बालनयन प्रा.वि. | 3 | 3 | 1 |
| १२ | जनसेवा सं.मा.वि. | 23 | 23 | 6 |
| १३ | पैयूँ कालिका प्रा.वि. | 4 | 4 | 3 |
| १४ | बाल ज्योति प्रा.वि. | 4 | 4 | 0 |

| | | | | |
|---|---|---|---|---|
| १५ | क्यमुने भञ्याङ मा.वि. | 13 | 13 | 2 |
| १६ | देउराली आ.वि. | 9 | 9 | 3 |
| १७ | बानीडाँडा प्रा.वि. | 3 | 3 | 1 |
| १८ | बिनु मा.वि. | 12 | 10 | 5 |
| १९ | यज्ञश्वर आ.वि. | 9 | 9 | 4 |
| २० | भगवती प्रा.वि. | 3 | 3 | 0 |
| २१ | लक्ष्मी भवन प्रा.वि. | 4 | 4 | 0 |
| २२ | बालकल्याण प्रा.वि. | 4 | 4 | 0 |
| २३ | धर्मोदय मा.वि. | 15 | 14 | 6 |
| २४ | कन्याजित प्रा.वि. | 4 | 4 | 0 |
| २५ | जनकल्याण प्रा.वि. | 2 | 2 | 2 |
| २६ | मण्डली प्रा.वि. | 3 | 3 | 0 |
| २७ | जनता मा.वि. | 15 | 15 | 3 |
| | | 203 | 200 | 56 |

**बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| गो. भौ . नं . र मिति | भुक्तानी पाउने व्यक्ति तथा संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ३।०७९।५।२२ | चन्द्री बि. क . | उपचार सहयोग | ५००० |
| १०।०७९।६।५ | याम प्रसाद भुर्तेल | उपचार सहयोग | १०००० |
| १४।०७९।६।७ | गोमता काफ्ले | भैंसी मरेको क्षतिपूर्ति | १०००० |
| १७।०७९।६।७ | देउरुपा भुसाल | भैंसी मरेको क्षतिपूर्ति | १०००० |
| २२।०७९।६।७ | बाल किसान राना | बंगुर मरेको क्षतिपूर्ति | ६००० |

| | | | |
|---|---|---|---|
| २३।०७९।६।७ | टेक बहादुर क्षेत्री | आर्थिक सहायता | ५००० |
| २४।०७९।६।७ | तुलसी गौतम | आर्थिक सहायता | १०००० |
| २५।०७९।६।७ | सिवलाल भुर्तेल | आर्थिक सहायता | ५००० |
| २६।०७९।६।७ | चन्द्रकुमारी बि. क . | आर्थिक सहायता | ५००० |
| २९।०७९।६।७ | दल बहादुर चुँदारो | आर्थिक सहायता | १०००० |
| ३५।०७९।६।९ | धनसरी तिवारी | आर्थिक सहायता | ५००० |
| ३७।०७९।६।९ | कुलबहादुर सुनार | आर्थिक सहायता | १०००० |
| ३८।०७९।६।९ | सस बहादुर सुनार | आर्थिक सहायता | ५००० |
| ३९।०७९।६।९ | लोक प्रसाद भुसाल | आर्थिक सहायता | ५००० |
| ४०।०७९।६।९ | चन्द्र बहादुर दर्जी | आर्थिक सहायता | ५००० |
| १६५।०७९।८।२१ | विज्ञान शिक्षक समाज नेपाल | | १०००० |
| १७८।०७९।८।२३ | गाउँपालिका अधिवेशन सहयोग | | ३०००० |
| ४३८।०७९।१२।८ | युवा संघ नेपाल (अधिवेशनको लागि सहयोग) | | ५८००० |
| ४५६।०७९।१२।१९ | एनजीओ फेडेरेशन नेपाल | | ३०००० |
| ५०३।०८०।१।७ | नेपाल रेडक्रस सोसाइटी हुवासलाई फर्निचर खरिद | | १९९९० |
| २१।०८०।१।२४ | सिर्जनशील युवा क्लब | | १०००० |
| २२।०८०।१।२४ | हाँडीखर्क युवा क्लव | | ६०००० |
| २७।०८०।१।२८ | मर्दिखोला युनाइटेड क्लब | | १९७०० |
| २८।०८०।३।४ | सेतीखोला प्रगतिशील युवा क्लव | | ३०००० |
| २९।०८०।३।६ | वेउलीवास युवा समाज | | ३०००० |

| | | | |
|---|---|---|---|
| ३७।०८०।३।२४ | सागर भुसाल प्रोत्साहन सहयोग | | २०००० |

## बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -६

| भौ नं/मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४३२।०८०।२।१६ | अखिल नेपाल महिला संघलाई आर्थिक सहायता दिनको लागि उपाध्यक्ष याम कुमारी रानालाई भुक्तानी | १०००००।०० | |
| ५५२।०८०।३।२३ | केशव रिजाल पैंयू यूवा समूह | ४००००।०० | |
| ५५४।०८०।३।२३ | यमकान्त भुसालको घर संरक्षण | १९२०००।०० | एक व्यक्ति लक्षित गरि कार्यक्रम तर्जुमा |
| ५५५।०८०।३।२३ | हिमलाल भुसाल दुर्घटनामा परि खुट्टा भाचिएकोले भैसी बेच्न परी क्षतिपुर्ति | १०००००।०० | |
| ५६५।०८०।३।२४ | एकीकृत अखिल नेपाल शिक्षक संगठन जिल्ला समन्वय समिति | १००००।०० | |
| ५६७।०८०।३।२४ | नेपाल कम्यूनिष्ट पार्टी(बहुमत) जिल्ला समिति नेपाल, | १००००।०० | |
| ७७४।०८०।३।२३ | कृषि विकास बैंक, कर्मचारी संगठन नेपाल, गण्डकी प्रदेश समिति | १००००।०० | |
| | | ४६२०००।०० | |

## बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -७

| गो.भौ.नं. र मिति | विवरण | सम्पन्न परिमाण | नर्मस बमोजिम भुक्तानी | खरिद परिमाण | भुक्तानी रकम | खरिद | फरक |
|---|---|---|---|---|---|---|---|
| १६२।०७९।११।२६ | भन्ज्याङ बाटो माथि पाखिम्वास गोरेटो बाटो ढलान तथा मर्मत | पि.सि.सि. ८.२८ घ.मि.<br>स्टोन मेशनरी २.३४ घ.मि. | ५८ बोरा सिमेण्ट | ५८ बोरा | ४७१५४ | २४१२५ | २३०२९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८२।०७९।११।२ | मोटरबाटो देखि आरतीको घरसम्म | १:२:४ पि.सि.सि. ९.७८ घ.मि. | ६२.५९ बोरा | ६२.५९ बोरा | ५०८८७ | २६५३८ | २४३४९ |
| ३८२।०८०।१।२७ | कुलोमाथी भोटेखर्क कोले आँप सिठी निर्माण उ.स. | १:२:४ पि.सि.सि. ७.४१ घ.मि. | ४७.४२ बोरा (८१३ प्रतिबोरा) | ४० बोरा | ४४३५ | २७०४ | १७३१ |
| ३९४।०८०।२।८ | जनसेवा संस्कृत मा.वि. | सिमेन्ट कार्य | ८३ बोरा | १०० बोरा | ७७६३ | २८८४ | ५४७९ |
| ४९२।०८०।३।७ | गपटारी सिंचाइ कूलो मर्मत योजना | डण्डकी काम | ३५० केजी | २२८ केजी | ४७७७ | २९६४ | १८१३ |
| ३२३।०७९।१२।२९ | अर्जुन टकलाक पिडिखोला सडक स्तरोन्नति | पि.सि.सि. स्टोन मेशनरी | | | ८३८० | ४६५२ | ३७२८ |
| ३५८।०८०।१।११ | भारती पँधेरा साधने खानेपानी मर्मत | डण्डीको काम (१०५ केजी) | | | १४३४ | १७१ | १२६३ |
| | | | | | | | ६१३९२ |

## बेरूजु दफा ७० सँग सम्बन्धित विवरण - अनुसूची -८

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्म को भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| PRM/NCB/W/B/PAR/04/2078-079 | Construction of Ward No. 3 Office Building | २०७९/०२/०३ | ५८,६६,७६८.२८ ।- | २०७९/१२/१५ | - | २०८०/०६/३० | ६१.९ |
| PRM/NCB/W/B/PAR/05/2078-079 | Construction of Ward No. 6 Office Building | २०७९/०२/३० | ९१,१२,०८३.८६ ।- | २०८०/०१/१५ | | २०८०/०६/३० | ५२.३८ |
| PRM/NCB/W/B/PAR/04/2077-078 | Construction of Office Building | २०७८/०१/३० | ५,४८,४८,९९०.४१ ।- | २०७९/०७/२९ | - | २०८०/०६/३० | ६१.११ |
| PRM/NCB/W/B/PAR/06/2077-078 | Construction of 10 Bed Hospital Building | २०७८/०५/२४ | ९,३५,६१,४५३.५५ ।- | २०७९/११/२२ | - | २०८०/११/२१ | ६६.६७ |
| PRM/NCB/W/B/PAR/06/2078-079 | Construction of Basic Health Center Building | २०७९/०३/१६ | ३४,६८,१७१.०८ ।- | २०७९/१२/१५ | - | २०८०/०६/३० | ७६.४७ |